**मालिकार्जुन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शंकरपुर, दार्चुला ।**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/१०/२२

मालिकार्जुन गाउँपालिकाले नेपाल सरकारको समपुरक तथा विशेष अनुदान बाट प्राप्त रकम र गाउँपालिकाको साझेदारीमा आ.व. २०७६/०७७ मा सम्पन्न गर्ने गरी देहायका योजनाहरुको निर्माण कार्य गर्नु परेको हुदा सो कार्य गर्न इच्छुक योग्य बोलपत्रदातहरुबाट निम्नशर्तको अधिनमा रहि बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | योजनाको कन्टन्जेन्सी बाहेक, भ्याट सहितको रकम | योजनाको लागत अनुमान रकम | बोलपत्र जमानत | बोलपत्र दस्तुर | बोलपत्र मान्य हुने अवधी | बोलपत्र जमानत मान्य अवधी |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७६/०७७ | शंकरपुर वृहत खाने पानी योजना | रु.९५,२३,८०९.५२ | | रु.२,५०,००० | ३०००।- | ९० दिन | १२० दिन |
| २. | २/०७६/०७७ | ऐरीछाना डाडकोट सडक | रु.४७,६१,९०४.७६ | | रु.१,२५,००० | ३०००।- | ९० दिन | १२० दिन |
| ३. | ३/०७६/०७७ | शंकरपुर, गोठ्युडी, चन्दनपुर डाडाकोट सडक | रु.२८,५७,१४२.८६ | | रु.७५,००० | ३०००।- | ९० दिन | १२० दिन |

१. बोलपत्र फारम र सोसंग **Specification** यो सूचना प्रकाशित भएको मितिले **३० औ** दिनसम्म इच्छुक फर्मर कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, **PAN** तथा **VAT** दर्ता प्रमाणपत्र आ.व. २०७५/०७६ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालो सूचीमा नपरेका स्वयः घोषणा पत्र संलग्न गरी रु. **१० को टिकट** टासी कार्यालय समयमा यस गाउँपालिकाको कार्यालय, शंकरपुर दार्चुलाबाट नगद **रु. ३,०००।- (फिर्ता नहुने गरी)** तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फारम माथि उल्लेखित मिति र समयमा उपस्थित बोलपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहबरमा **(बोलपत्र दाता प्रतिनिधि उपस्थित नभए पनि)** यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र पेश गर्दा माथिउल्लेखित रकम बराबरको नेपालको "क" वर्गको बैंकबाट बोलपत्र पेश गर्न अन्तिम मितिबाट कम्तिमा **१२० (एक सय विस) दिन** म्याद भएको सम्वन्धित योजनको नामको बोलपत्रजमानत **(बिडबन्ड)** संलग्न हुनु पर्नेछ । अथवा उक्त विडबन्ड रकम **माछापुच्छ्रे बैंक शंकरपुर, दार्चुलाको धरौटी खाता नं. ९१०१५२४६७४४९६०४१** मा जम्मा गरी जम्मा गरेको सक्कलप्रती बैंक भौचर बोलपत्र साथ पेश गर्नै पर्नेछ ।

४. बोलपत्रमा दररेट अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

५. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको बोलपत्रउपर कुनै कार्वाही हुने छैन ।

६. प्रचलित ऐन, नियमअनुसार लाग्ने सम्पूर्ण कर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. कुनैपनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकाको कार्यालयमा निहित हुनेछ ।

८. बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना प्रकाशित भएको मितिले **३० दिनभित्र** ।

९. बोलपत्र पेश गर्ने मिति, समय र स्थान प्रथम पटक सूचना प्रकाशित भएको मितिले **३१ औ दिनको १२:०० बजे** भित्र मालिकार्जुन गाउँपालिकाको कार्यालय शंकरपुर, दार्चुला ।

१०. बोलपत्र खोल्ने समय प्रथम पटक सूचना प्रकाशित भएको मितिले **३१ औ दिनको २:०० बजे** ।

११. बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोँही समय र स्थानमा सो काम हुनेछ ।

१२. बोलपत्र सम्बन्धी पुर्व मिटीङ प्रथम पटक सूचना प्रकाशन भएको मितिले **२०औ दिनको दिन, दिउसो २:०० बजे** गाउँपालिकाको कार्यालयमा हुनेछ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचनाबमोजिम र सूचनामा उल्लेख नभएका कुरा प्रचलित ऐन, नियमानुसार हुनेछन ।

१४. थप जानकारीका लागि मो. न. **९८६३३६७४७४ वा ९८६००२६८८२** मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**मालिकार्जुन गाउँपालिका शंकरपुर, दार्चुला ।**

**प्रमुख प्रशासकीय अधिकृत**